आज मिति २०७२ मंसिर २५ गते शुक्रबार दिनको २:०० बजे नि. कार्यकारी अधिकृत श्री राम गोविन्द श्रेष्ठको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्यसंचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसि निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत  राम गोविन्द श्रेष्ठ अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. का.अ. गणेशलाल फोजू

३. जि.अ. रेभिड कुस्मा

४. पु.अ. भुपाल मूल

५. इ. ओमहरि था

६. शा.अ. अम्बिका धौभडेल

७. शा.अ. रत्नमाया बाला श्रेष्ठ

८. शा.अ. दिलिपकुमार सुवाल

९. प्रे.अ. काशिलाल प्रजापति

**बिषयहरुः**

१. न.पा दिवस बारे ।
२. नेपालको संविधान जनताको संविधान, जनताको संविधान जनताको माझमा कार्यक्रम बारे ।
३. काठको टुक्रा विक्री बारे ।
४. भक्तानी दिने बारे ।
५. खर्च सर्मथन बारे ।
६. विल छाप्ने बारे ।
७. शाखागत सामानको लगत बारे ।

**निर्णयहरु :**

१. यस नगरपालिकाको दिवश हरेक वर्ष विविध कार्यक्रम सहित पौष २ गते मनाई आएकोमा यस वर्ष पनि विविध कार्यक्रम सहित न.पा दिवश मनाउन भक्तपुर नगरपालिका कर्मचारी एशोसियसनलाई जिम्मा दिने निर्णय गरियो ।

२. नेपालको संविधान जनताको संविधान, जनताको संविधान जनताकै माझमा संविधानको मूलभूल चिनारी मिति २०७२।९।३ गते शुक्रवार दिनको १ बजे दरवार स्क्वायरमा प्रमुख अतिथि, माननीय सासंद एवं नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान विजुक्छेज्युको अध्यक्षतामा कार्यक्रम आयोजना गर्ने । उक्त कार्यक्रममा देहाए अनुसार व्यवस्था गर्ने ।

क) संविधानको विशेषताको फ्लेक्स बोर्ड, भ.न.पा व्यासी र च्यामासिंहमा २ वटा राख्ने

ख) संविधानका मूलभूत चिनारी संक्षिप्त पुस्तिका ५०० वटा प्रिन्ट गरी वितरण गर्ने ।

ग) अन्य आवश्यक व्यवस्था गर्ने ।

३. भ.न.पा वडा नं. १५ व्यासी स्थित निर्माणाधिन न.पा भवनमा रहेको वाकल काठका टुक्रा प्रति किलो रु. १० मा विक्री गर्ने निर्णय गरियो ।

४. मिति २०७२ सालको भ.न.पा कर्मचारी एसोशियसनबाट प्रकाशित क्यालेण्डरको विल अनुसार जिडी मिडियाको नाममा भूक्तानी गर्ने निर्णय गरियो ।

५. यस कार्यालयका ड्राइभर विकास दुमरुको गाडीबाट दुर्घटना भई वा.५३.प ४९२७ को स्कुटर मोटरसाईकललाई ठक्कर दिएकोमा विल अनुसार सो मोटरसाईकल मर्मत गर्न खर्च भएको रु. २४०००।– क्षति पुर्ति दिने निर्णय गरियो ।

६. यस भक्तपुर नगरपालिकाद्धारा महिला तथा बाल कल्याण समिति स्थापना गरी २०५६ सालदेखि कागज पुनःप्रयोग कार्यक्रम संचालन हुंदै आएकोमा हाल सो समितिको खाता बन्द भएकोले कागज पुनः कार्यक्रमबाट उत्पादित सामानहरु विक्री गर्न बिलको समस्या भएकोले र कुनै संघसंस्थाबाट चेक भुक्तानी दिएका रकम खातामा राख्नको लागि खाता नरहेकोले समस्या आएको हुंदा बिल नगरपालिकाको नाममा छापी प्रयोग गर्ने व्यवस्था गर्न जिन्सी उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

७. यस न.पा का सम्पूर्ण कर्मचारीहरुको कार्यालयको आ–आफ्नो शाखा अन्तर्गतको कामको लागि जिम्मा लिई राखेको सामानको लगत आवश्यक भएको हुंदा मिति २०७२ चैत्र मसान्त सम्ममा सम्पूर्ण शाखागत सामानको लगत तयार गरी पेश गर्न जिन्सी उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

आज मिति २०७२ मंसिर २० गते आइतबार दिनको २:०० बजे नि. कार्यकारी अधिकृत श्री राम गोविन्द श्रेष्ठको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्यसंचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसि निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत राम गोविन्द श्रेष्ठ अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. का.अ. गणेशलाल फोजू

३. जि.अ. रेभिड कुस्मा

४. पु.अ. भुपाल मूल

५. इ. ओमहरि था

६. शा.अ. अम्बिका धौभडेल

७. शा.अ. रत्नमाया बाला श्रेष्ठ

८. शा.अ. दिलिपकुमार सुवाल

९. प्रे.अ. काशिलाल प्रजापति

**बिषयहरुः**

१. बार्षिक प्रगती समिक्षा, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई प्रतिवेदन बारे ।

२. शिशु स्याहार केन्द्रहरुको शुल्क मिनाहा बारे ।

३. जिन्सी लगत कट्टा बारे ।

४. लिलाम बारे ।

निर्णयहरु :-

१. उपरोक्त सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन २०५५, आर्थिक प्रशासन सम्बन्धी नियमावली र सुशासन व्यवस्थापन सम्बन्धी ऐन र तत् सम्बन्धी नियमावलीहरु अनुसार यस न.पा. को आ.व. २०७१।०७२ मा सम्पन्न गरेको विकास निर्माण सेवा प्रवाहबारे मिति २०७२ कार्तिक २९ र ३० गते भएको वार्षिक प्रगति समीक्षा, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम ख्वप कलेजमा सम्पन्न भई मिति २०७२।८।८ गते प्रतिवेदनहरु प्राप्त भई छलफल हुंदा उक्त प्रतिवेदनलाई अनुमोदन गरी तोकिएको समयभित्र स्थानीय विकास मन्त्रालय र अन्य सम्बन्धित निकायहरुबाट पठाई सार्वजनिक गर्ने निर्णय गरियो ।

२. यस न.पा.बाट संचालित शिशु स्याहार केन्द्रहरु मिति २०७२ बैशाख १२ गतेको भूकम्पको कारणले मिति २०७२।१।१३ गतेदेखि २०७२।३।२२ गतेसम्म बन्द रहेको हुंदा सो अवधिको शूल्क मिनाहा गरी पाऊं भनी अभिभावकहरुबाट निवेदन पेश भई छलफल हुंदा उक्त मितिमा शिशु स्याहार केन्द्रहरु बन्द रहेकोले बैशाख र जेष्ठ महिनाको दुई महिना शुल्क मिनाहा गर्ने निर्णय गरियो ।